केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१५/०७४/७५

मिति: २०७४/१०/०७

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको नीतिगत व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्न/गराउन हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

१. यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७४ को इ.प्रा. निर्देशन नं. १५/०७४ को बुँदा नं. १ को उपबुँदा नं. १ को खण्ड (ख) मा रहेको व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ ।

   *वोलकबोल (Bidding) को आधारमा संकलन हुने संस्थागत मुद्दति निक्षेपको हकमा प्रकाशित ब्याजदरमा २ प्रतिशतसम्म थप गरी निक्षेप संकलन गर्न सकिनेछ । तर, यसरी प्रकाशित गरिएको ब्याजदर ३ महिनासम्म परिवर्तन गर्न पाइने छैन ।*

२. बैंकिङ सेवा तथा कारोवारलाई थप सरल तथा सहज बनाउन ग्राहकलाई पायक पर्ने अन्य बैंक तथा वित्तीय संस्थाहरुका जुनसुकै शाखामा नगद जम्मा गरी आफ्नो बैंक तथा वित्तीय संस्थाको खातामा र सेवा प्रदायक संस्थाको खातामा भूक्तानी (Utility Payment) गर्दा NCHL-IPS प्रणाली मार्फत रकम जम्मा गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कम्तिमा देहायका विषयहरु समावेश गरी आन्तरिक प्रक्रियागत व्यवस्था लागू गरी कार्यान्वयन गर्नु पर्नेछ ।

   क) नगद कारोवारको सीमा सम्बन्धमा विद्यमान निर्देशन/व्यवस्था बमोजिम हुनुपर्नेछ ।

   ख) ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धमा हाल विद्यमान निर्देशन/व्यवस्थाको पालना गर्ने गरी नगद जम्मा गर्ने व्यक्तिको पहिचान हुन सक्ने विवरण लिनु पर्नेछ । रु १. लाख भन्दा बढीको कारोवारको सीमाको हकमा जम्मा गर्ने व्यक्तिको पहिचान हुन सक्ने परिचयपत्र लिनुपर्नेछ र नगद जम्मा गर्नुको प्रयोजन समेत खुलाउनु पर्नेछ ।

   ग) बैंकले हरेक शाखामा रकम जम्मा गर्न उपलब्ध गराउने भौचरमा कम्तिमा खाता रहेको बैंकको नाम, खाता नं., खातावालाको नाम र रकम जम्मा गर्ने व्यक्तिको नाम उल्लेख हुनु पर्नेछ । साथै, ग्राहकलाई रकम जम्मा गरेको निस्सा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

   घ) तोकिएको बैंक तथा वित्तीय संस्थाको खातामा कुनै कारणवश रकम जम्मा हुन नसकेमा रकम बुझिलिने संस्थाले सोको जानकारी जम्मा गर्ने व्यक्तिलाई सोहीदिन गराउनुपर्नेछ ।

   ङ) यस प्रणालीमा रकम जम्मा गर्दा ग्राहकसँग लिने शुल्क वारे ग्राहकलाई सुसुचित गराउनु पर्नेछ ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल राष्ट्र बैंक, समस्याग्रस्त संस्था रिजोलुशन महाशाखा ।
(१२) श्री नेपाल बैंकर्स संघ ।
(१३) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन ।
(१४) श्री नेपाल वित्तीय संस्था संघ ।
(१५) श्री नेपाल क्लियरिङ्ग हाउस लिमिटेड, कमलादी, काठमाडौं ।